# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

सबैले स्वीकारेको कुरा हो की नेपाल एउटा पितृसत्तात्मक समाज हो । यहाँ कुल जनसंख्याको आधा हिस्सा महिलाको भएतापनी महिलाको भन्दा पुरुषको स्तर हरेक क्षेत्रमा उच्च रहेको पाईन्छ । समाजमा पुरुषको सामाजिक सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक स्थान राम्रो रहेको छ । भने महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा राखिएको साथै उनीहरुले पाउनुपर्ने आधारभूत अधिकारको समेत प्रयोग गर्न नपाएको अवस्था छ । लैङ्गीक आधारमा महिलामाथि गरिने हिंसा न त तत्कालको घटनाक्रम हो न त कुनै भौगोलिक स्थानबाट यो उत्पन्न भएको हो । यो सामाजिक रुपमा नै सहँदै आएको मानवअधिकार उलङघनको कुरा हो । नेपलमा प्रत्येक समाजमा महिलाहरुको आफनो पहिचान भएको पाईदैन । "महिलाहरु केटाकेटीमा आमाबाबुको नियन्त्रणमा, विवाहित अवस्थामा श्रीमानको नियन्त्रणमा भने बुढ्यौली अवस्थामा छोराछोरी माथि निर्भर हुन्छन्" (शर्मा, २०६१)

तत्कालै नेपाल धर्मनिरपेक्ष राज्य घोषणा भएको छ तर अझैपनी हिन्दु परम्परागत मुल्य-मान्यताले हाम्रो समाजमा गहिरो रुपमा जरो गाडेको छ । धर्मग्रन्थलाई आधार मानेर हेर्ने हो भने पनि महिला र पुरुषको उत्पत्ती समान अवस्थाबाट भएको तथ्यवारे व्याख्या गएिको पाईन्छ  ऋग्वेदमा महिला र पुरुष अर्थात पति र पत्निले समान स्थान हासील गरेको कुरा उल्लेख गरीएको छ भने मनुको भनाईमा विधाता अर्थात ब्रम्हाले आफनै शरिरलाई दुई भागमा विभाजन गरेर नर तथा नारीको सृष्टि गरेको कुरा उल्लेख छ । यसरी धर्मग्रन्थमा समान रुपमा हेरेपनी महिला विरुद्धको भेदभाव हाम्रो समाजमा जीवनचक्रका रुपमा देखापरेको छ । भौतिक विकासको चरमोत्कर्ष विन्दुमा पुगेको बर्तमान युगमा हामीसँग मानवलाई हेर्ने एउटै विन्दु छैन बरु मानिसलाई लैङ्गिक आधारले पुरुष र महिलाको विभाजित विन्दुबाट हेर्ने परम्परागत मान्यता नै विद्यमान रहिआएको छ ।  पुरुष र महिला जस्तो

नितान्त जैविकीय भिन्नतालाई सामाजिक दृष्टान्तमा हेरिदै आएको छ । जुन जैविकीय तर्कमा अस्वभाविक कुरा हो । समयले एक्काईसौं शताब्दीको आधाभन्दा बढी समय पार

गरिसक्दा पनी हाम्रो परम्परागत दृष्टिकोण र सोचाईमा परिवर्तन नहुनु सबैको निम्ति सोचनिय विषय रहेको छ । म आजपनि महिला भएकै कारणले गर्दा उसले हरेक किसिमका भेदभाव सामना गर्नुपरिरहेको छ । महिला भएकै कारणले हिंसा पिडित बनेर बस्नुपरेको अवस्था छ जुन कुनै एक सीमीत क्षेत्र वा परिवेश मात्रको सवाल नभई पुरा मुलुकको सवाल भएको छ । आम रुपमा व्याप्त गरिवी, शिक्षाको अभावको कारण जनचेतनाको अभाव हुनु, कानुनको प्रभावकारी कार्यान्वयनको अभाव जस्ता कारण बाट सवै खाले अपराधिक कृयाकलापहरु वा घरेलु हिंसा हुने गरेको छ । महिलामाथि हुने गरेको घरेलु हिंसामा घरपरिवार भित्र वा घरदेखि वाहिर पनि समाज भित्रकै आफूले चिनेजानेको व्याक्तिवाट वा अपरिचित बाट हुने शारीरिक, मानसिक, यौनजन्य दुरब्यवहार, बलात्कार, वैवाहिक वलात्कार, सामूहिक वलात्कार, बहुविवाह, बाल विवाह, चरित्रहत्या, कुटपिट, मानसिक यातना र गर्भपतन जस्ता थुप्रै कुराहरु हाम्रो समाजमा देखिएका र देखिदैआएका छन् । महिला हिंसामा पनि मनोवैज्ञानिक हिंसा वा भनौं मानसिक हिंसा शहरी क्षेत्रमा वढी मात्रामा पाईन्छ अझ त्यसमा पनी विशेष गरेर काठमाण्डौ उपत्यकाको शहरी क्षेत्रमा यो प्रकारको हिंसा ब्यापक रुपमा पाईन्छ । सांस्कृतिक रुपमा महिला माथि हुने घरेलु हिंसा मध्य पश्चिमी तराई क्षेत्रमा बढी हुने गरेको विभिन्न अध्ययनले देखाएको छ । र यो ठाउँमा महिला माथि हुने धेरै हिंसाहरु मध्ये दाईजोसँग सम्वन्धित घटनाहरु बढी पाईन्छ । त्यस्तै पहाडी क्षेत्रमा शारीरिक हिंसा हुने गरेको पाईन्छ  किन बढि प्रताडित हुन्छन् हाम्रो समाजमा महिलाहरु ? यस प्रश्नको जवाफ प्राप्त गर्न समाजको संरचनागत अध्ययन, पारस्परिक सम्वन्ध र यसका परिणामहरु सवै पृष्ठभूमिमा खोजीनु जरुरी छ । महिलाहरुमाथि हुने गरेका हिंसाका श्रृङ्खलाहरुले महिलाहरुको जीवन अझ असुरक्षित र कष्टकर हुने खतरा बढ्दै गएको छ । असहिय पिडा खपेर थुप्रै सन्तानहरुलाई जन्म दिएर पनि महिलाहरु नै सामाजिक,आर्थिक रुपमा पछाडि भएका छन् । यस्ता पिडा दिनेहरु आखीर उनीहरुले जन्माएका सन्तान अथवा पुरुषहरु नै प्राय बढी हुने गरेको पाईन्छ र महिला माथि हुने घरेलु हिंसाले यो पनी परिभाषित गरेको छ की हिंसा पुरुषले महिला माथि मात्र होईन महिलाले महिलामाथि पनि हिंसा गरेको छ । त्यो चाहे सासुले बुहारीमाथि गरेको होस वा बुहारीले सासुमाथि गरेको होस, नन्दले भाउजुमाथि होस या भाउजुलेनन्द माथि । मानव विकासको प्रारम्भबाटै महिला विरुद्ध हिंसा भइरहेको पाईन्छ तर पनी प्रारम्भिक युगमा अहिले जस्तो अमानविय किसिमको व्यवहार पुरुषहरुबाट भएको पाईदैन । तर जब मानिसहरु दास युगमा प्रवेश गरे तब महिला

विरुद्धको हिंसाको प्रारम्भ भएको पाईन्छ । यो दास युगमा महिलालाई दासको रुपमा प्रयोग गर्न थालियो र निजी सम्पत्तिको सुरुवात सँगै महिलाहरु पुरुषको भोग विलासको साधन, पुरुषको खेलौनाको रुपमा प्रयोग गरियो । विभिन्न घटना हेर्दा, सुन्दा, कति डरलाग्दा पनी छन् -

रौतहट स्थित भसेडवा गाविस - ६ की २४ बर्षीय मञ्जुदेवी दासलाई २०७३ वैशाख ७ गते राति ढुंगा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले २७ वर्षीय पति रामनारायण दासलाई सोही दिन पक्राउ गर्यो । आरोपित कामको सिलसिलामा काठमाण्डौ बस्ने गरेकोमा पीडितसहित परिवारलाई बेवास्ता गर्ने गरेको आरोपमा पीडित मञ्जुदेवी दासले महिला तथा बालबालिका सेवा केन्द्रमा २०७३ बैशाख ३ गते घरेलु हिंसा सम्बन्धमा उजुरी दिएपछि प्रहरीले आरोपित दासलाई बैशाख ७ गते छलफलका लागि बोलाएको थियो । महिला तथा बालबालिका सेवा केन्द्रमा दुवै पक्ष विच मिलापत्र गराई घर पठाएकोमा सोही दिन राति करिब ७ बजेको समयमा ढुंगाले टाउकोमा प्रहार गरी हत्या गरियो (इन्सेक वर्ष पुस्तक, २०१७)

इन्सेकको मानव अधिकार वर्ष पुस्तक २०१६ को “मानवअधिकार उल्लङ्घन/ज्यादती तथ्यांङक” मा उल्लेख भए अनुसार गैर राज्य पक्षबाट कथित बोक्सीको आरोपमा ३४, बलात्कारको घटनामा २४२, बलात्कारको प्रयासको घटनामा ९४, महिला बेचविखन प्रयासका ७, घरेलु हिंसाका २२०१, यौन दुर्व्यवहारका घटनामा ३७, र बेचविखनका घटनामा ७२ गरि जम्मा ३७९१ महिला हिंसा पिडित भए । अहिलेको वर्तमान समाज २१ औं शताब्दी तिर अघि बढीरहेको अवस्थामा समाज यति परिवर्तनशिल भइसक्यो की जुन कुरा हिजो थियो आज त्यो छैन र आज जुन कुरा छ त्यो भोली हुने छैन उच्च प्राविधिक विकासले मानव सभ्यतालाई जटिल बनाउँदै लगेको छ । अर्याल (२०६८), Gender and Feminist studies मा भनीए अनुसार - “महिला सम्बन्धि अध्ययनको कुरालाई हेर्ने हो भने महिलाको छुट्टै अध्ययन आवश्यक छ किनकी महिलाहरुलाई विभिन्न पक्षमा गरिएको भेदभाव, असमानता, शोषणको विश्लेषण गर्दै समाधानका उपायहरु खोज्दछ । समाजमा महिलाको स्थान ज्यादै न्यून रहेको छ, महिला उच्च आर्थिक उत्पादन तथा निर्णायक तहमा पुग्न सकेका छैनन्, आत्म स्फूर्तिकरणको अनुभूति गर्न पाएका छैनन्, पुरुषले सरह मानवीय जीवनको पुर्ण आभाष पाउन सकेका छैनन् । त्यसैले महिलावादी अध्ययन महिलाको

सर्वाङ्गीण पक्षको विकासमा केन्द्रित रहेको छ । महिलाको स्तर उन्नति, लैङ्गिक समानता र महिलाको गुणत्मक जीवनको निर्माणका लागी व्यवहारीक रुपान्तरणको प्रयासमा केन्द्रित छ ।" तर बिडम्वनाको कुरा यो छ की हाम्रो राष्ट्र वा समाजले महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । हुन त महिला विरुद्धका हिंसाका न्यायीक पक्षमा पहल भने नभएको होईन । विश्वव्यापी रुपमा व्याप्त महिला हिंसा उन्मूलनका लागि संयुक्तराष्ट्रसंघले सन् १९९३ मा नै महिला विरुद्धका हिंसा उन्मूलन गर्ने घोषणा गरेको थियो । चीनको वेइजिङमा भएको विश्व महिला सम्मेलन सन् १९९५ मा महिला सँग सरोकार राख्ने १२ वुँदे विषयहरु मध्ये महिला र हिंसा तथा महिला र गरिबी महत्वपुर्ण विषयका रुपमा रहेका थिए । त्यस्तै १९९८ मा संयुक्त राष्ट्र संघको commission of the status of women को ४२ औं सेसनमा सदस्य राष्ट्रले पनि अन्तराष्ट्रिय क्षेत्रमा नै महिला विरुद्ध का हिंसा अन्त्य गर्न सक्रियता ल्याउने र लैङ्गिक समानताका लागि अग्रसर गराउने कार्यहरुको सिद्धान्तमा एकमत भएका थिए । यसवाट पनि महिलाको अवस्थामा परिवर्तन ल्याउन न्यायीक सक्रियता त देखाइएको छ । तर पनि न्याय प्रदान गर्न सकिएको देखिदैन ।

## १.२ समस्याको कथन

अहिलको आधुनिक समाज जहाँ सामाजिक, सांस्कृतिक, धार्मिक आधारमा समाजले स्थापित गरेको र समाजले अपेक्षा गरेको, लैङ्गिक भूमिकाको साथ महिलाले छोरी,आमा, बुहारी आदि जस्ता विभिन्न प्रकारका भूमिका निर्वाह गर्दै पुरुष सरह विभिन्न क्षेत्रमा अघि बढिरहेकाछन् र बढने कोशिसमा छन् । महिला जसले सधैं विकास प्रकृयामा पुरुष सरह कै भूमिका निर्वाह गर्दछन्। त्यस्ता व्यक्तिले समाजमा महिला भएकै कारणले भोग्नुपरेको पिडा,मर्का,यातनाले हिंसा सृजना गरेको पाईन्छ । एक्काईसौं शताब्दीको दोस्रो दशकमा प्रवेश गरेको सूचना र प्रविधिको वर्तमान विश्वमा आजपनि कुनै त्यस्तो देश छैन जहाँ अहिले पनि महिलाहरु विरुद्ध कुनै न कुनै प्रकारको हिंसा नभएको होस् । समाज आजपनि पितृसत्तात्मक सोच, चिन्तन र संरचनाबाट अगाडि बढिरहेको छ जसले गर्दा महिला माथि हिंसात्मक व्यवहार गरिन्छ भने सामाजिक परिवेशका कारण त्यसता हिंसात्मक व्यवहारलाई पनि महिला वर्गबाट सहेर बस्ने गरिन्छ । विकास प्रकृयामा महिला पुरुषको सहभागिता बराबर छ भनेर जति नारा लगाईन्छ त्यत्तिकै मात्रामा उनीहरुको शोषण पनि बढिरहेको छ । यो नै महिलामाथि हुने हिंसाको प्रमुख समस्या हो । (इन्सेक वर्ष पुस्तक,२०१३)

नेपालमा विद्यमान विभिन्न धार्मिक संस्कार परम्पराले गर्दा पनी धेरै जसो महिलाहरु हिंसाका शिकार भएका छन् । जस्तै :- छाउपडि, कुमारी, झुमा, देउकी, बोक्सी, घुम्टो, तिलक, दहेज, बालविवाह र बहुविवाह यस्ता संस्कारले गर्दा महिला हिंसा सहेर बस्न बाध्य छन् । महिलाहरु दिन प्रतिदिन बलात्कार हुने, अगो लगाएर मार्ने, शारिरीक तथा मानसिक यातना, मानव बेच-बिखन जस्ता जघन्य अपराधका कारणले महिलाहरुको आत्मसम्मान, पहिचान र स्वतन्त्रतामा ठूलो चोट परेको छ । महिला माथि हुने हिंसाको शुरुवात छोराको चाहनामा लाखौं छोरीहरुको लिङ्ग पहिचान गरी आमाको गर्भवाटै भ्रुण हत्या गरिन्छ भने युवा अवस्थाको महिलामाथि हुने गरेको हिंसाको रुपमा बलात्कार, बेचबिखन, जबरजस्त गरिदिने विवाह, अनमेल विवाह, खानपान लगायत घरायसी कामकाजमा समेत महिला प्रति भेदभावपूर्ण व्यवहार गरिन्छ तर प्राय महिला हरुलाई घरेलु हिंसा विवाह पश्चात हुने गरेको पाईन्छ । जसमा वैवाहिक वलात्कार, दाईजो, गर्भवती अवस्थामा पाउनुपर्ने स्याहारको कमी, पोषिलो खानेकुराको कमी, बढि समय काममा खटिनुपर्ने जस्ता शारीरिक र मानसिक यातना पर्दछन् भने प्रौढ अवस्थाका महिलामाथि हुने घरेलु हिंसाका रुपमा उचित स्याहार तथा औषधी उपचारको अभाव आदि रहेको पाईन्छ । विशेषत विवाहित महिला माथि हुने हिंसा नगण्य रुपमा पाईन्छ । विवाह हुने वित्तिकै दहेजको निहुमा, त्यसपछि वच्चा भएन भने दोस्रो विवाह, यदि बच्चा हुने भयो भने पनि लिङ्ग पहिचान गरि भ्रुण हत्या, जस्ता विभिन्न हिंसा विवाहित महिलामाथि हुने गरेको पाईन्छ । महिलाहरुमा हुने धेरै समस्याहरुमध्ये पनि हिंसा एक मुख्य विषयको रुपमा रहेको छ। महिला विरुद्धको हिंसा वास्तवमा मानव अधिकारको उल्लङ्घन हो । ‘वास्तवमा हिंसाले मानिसलाई अस्तित्वहीन र मूल्यहीन बनाउँछ । हिंसाका चपेटामा परेका मानिसहरुले शक्तिहीन र निरीह रुपमा आफ्नो जिन्दगी बिताउन बाध्य हुन्छन् । हिंसाले मानिसलाई मृत्युको नजिक पुर्‍याउछ । विश्व बैंकको १९९३ को रिपोर्टमा महिलाहरु स्तन क्यान्सर, पाठेघरको क्यान्सर, जटिल सुत्केरी अवस्था, युद्धको चपेटाबाट भन्दा बढी घरेलु हिंसाबाट ज्यान गुमाउन बाध्य भएको कुरालाई उल्लेख गरिएको छ । यसै कुरालाई जोड दिंदै सन् २००० को महिलासम्बन्धी एक विशेष अधिवेशनमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले महिला विरुद्धको हिंसा सबैभन्दा लज्जाजनक मानवअधिकारको उल्लङ्घन हो भनी जोड दिएका थिए । अर्याल(२०६८),Gender and feminist studies)

यसै सन्दर्भमा विवाहित महिलामाथि हुने घरेलु हिंसाका बारेमा गरिएको मेरो यस अध्ययनले निम्न प्रश्नहरुको  उत्तर खोज्ने प्रयास गरेको छ ।

- विवाहित महिलामाथि कस्ता किसिमका घरेलु हिंसा हुने गरेका छन् ?
- महिलामाथि घरेलु हिंसा किन हुन्छ र उनीहरुले भोगेका मुख्य समस्या के-के छन् ।
- हिंसा पिडित महिलाको सामाजिक, शैक्षिक, आर्थिक अवस्था कस्तो छ ?
- घरेलु हिंसा पिडित महिलाले कसरी हिंसाको सामना गरिरहेका छन् ?

कुनै एउटा सानो क्षेत्रमा सीमित रहेर "विवाहित महिलाहरु माथि हुने घरेलु हिंसा" को अध्ययनवाट माथि उठान गरिएका मूलभूत प्रश्नहरुको उत्तर प्राप्त गर्न सक्ने अपेक्षा अनुरुप प्रस्तावित अध्ययन गर्न खोजिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

समग्रमा यो अनुसन्धानको सामान्य उद्देश्य विवाहित महिलामाथि हुने घरेलु हिंसाको पहिचान गर्नु रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्य निम्नानुसार रहेको छ ।

- विवाहित महिला माथि हुने घरेलु हिंसाको कारण पत्ता लगाउनु ।
- घरेलु हिंसा पिडित विवाहित महिलाहरुको शैक्षिक, आर्थिक पृष्ठभूमी अध्ययन गर्नु ।
- विवाहित महिलामाथि हुने हिंसालाई महिलाले कसरी सामना गर्छन् अध्ययन गर्नु ।

## १.४ अध्ययनको महत्व

महिला माथि हुने हिंसा भन्नाले गर्भावस्था देखि मृत्यु नहुन्जेलको अवस्थासम्म महिला भएकै कारणले हुने विभिन्न खाले भेदभावपूर्ण व्यवहार, शारीरिक, मानसिक, यौनजन्य यातना र दुर्वव्यवहारलाई बुझाउँछ । महिला जन्मेको, परिवारका रुपमा बसेको र विवाहपश्चात बसोबास गरेको घरमा उसका परिवारका सदस्यले गर्ने शारीरिक, मानसिक, आर्थिक वा अन्य कुनै हिंसागत क्रियाकलापहरु घरेलु हिंसा भित्र पर्दछन्। महिलालाई मानसिक एवं शारीरिक रुपमा कमजोर मानिन्छ । हाम्रो धर्म, संस्कार, पनि महिलाहरुको पक्षमा न्याय संगत छैनन् । सामाजिक मुल्य मान्यता एवं सामाजिक संरचनाले गर्दा पनि महिलालाई अगाडि बढ्न कठिन छ । विगतको समाजसँग दाँजेर हेर्ने हो भने वर्तमान समाज निकै

परिष्कृत भैसकेको भएतापनि महिलालाई हेर्ने सामाजिक दृष्टिकोणमा भने खासै परिवर्तन आउन सकेको छैन । विवाह अघि सम्मान पाउने छोरीले विवाह पश्चात का व्यवहारमा परिवर्तन हुने गरेको पाईन्छ । महिलाहरुमा पनि विवाहित महिलाहरु सबैभन्दा बढि हिंसा पिडित हुने गरेको र विवाहित महिलाहरु आफ्नै परिवारको इच्छा र इशारामा हिंड्नुपर्ने यदि त्यस विपरित महिलाले कामकुरा गरेमा उनीहरुमाथि हिंसा हुने गर्दछ । परिवारमा छोराको चाहना हुनु र छोरा नजन्मिएमा परिवारबाट मानसिक एवं शारीरिक यातना दिनु र सामाजिक मुल्य मान्यता एवं सरकारका तर्फवाट कुनै पनि सहयोगी संयन्त्र उपलब्ध नहुनु आदिले महिलाले आफूमाथि भएका त्यसता यातनालाई आफूभित्रै दबाएर राख्न बाध्य भएका छन् ।

काठमाण्डौ हरेक दृष्टिले सम्पन्न भएको हुदाँ यहाँ बसोवास गर्ने मानिसको संख्या दिनप्रतिदिन बढिरहेको छ । यो ठाउँमा नेपाल अधिराज्यबाट शिक्षित अशिक्षित सबै खालका मानिसहरु विभिन्न कारणले गर्दा बसोबास गर्न आएको पाइन्छ । यहाँ बसोबास गर्दाको समस्या त छदै छ त्यसमाथि वेहोर्नु पर्ने महिला हिंसाका घटना पनि कम छैनन् । यस्ता हिंसाले महिलाहरुको जीवनलाई झन भन्दा झन कठिन बनाएको छ । तसर्थ यो विवाहित महिलामाथि हुने घरेलु हिंसा सम्बन्धि अध्ययनले समाजमा रहेका हिंसा पिडित महिला प्रतिको दृष्टिकोण, धारणा र व्यवहारका बारेमा पछिल्लो तथ्याङ्क प्रस्तुत गर्नुको साथै समाजमा रहेका हिंसा पीडित महिलाहरुको वास्तविक स्थितिबारे जानकारी दिईनेछ । महिला हिंसा हाम्रो देशको मात्र समस्या नभएर यो विश्वमै समस्याको रुपमा रुहेको छ । त्यसैले महिलाको भलाईको लागी घरेलु हिंसा न्यूनीकरण गर्नुपर्छ जसले गर्दा स्वस्थ परिवार, समाज, र राष्ट्रलाई अगाडि बढाउन सकिन्छ भन्ने कुरालाई पुष्टि गर्न यो अध्ययनले मद्दत पुरयाउँछ । यो अध्ययन महिला वर्गको उत्थानका निम्ति आवश्यक योजना निर्माण गर्ने योजनाकार, नीति निर्माणलाई उपयोगी हुनेछ भन्ने कुरामा विश्वस्त हुँदै समग्रमा यस अध्ययनको महत्वलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

- विवाहित महिलाको आर्थिक, सामाजिक, शैक्षिक अवस्थाबारे जानकारी हुनेछ ।
- समाज तथा परिवारले महिलालाई कसरी हेरेका छन् थाहा पाउन सकिनेछ ।
- विवाहित महिला हिंसाको प्रकारबारे जानकारी प्राप्त हुनेछ ।

- हिंसा पिडित महिलाहरुको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनाकार आदिलाई सहयोग पुग्नेछ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनमा छ अध्यायहरु रहेका छन् । पहिलो अध्यायमा अध्ययनको पष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, तथा संगठनलाई समावेश गरिएको छ ।

दोस्रो अध्यायमा साहित्यको पुनरावलोकनको रुपमा विभिन्न पुस्तक, पुस्तकहरुमा प्रकाशित लेखहरु, पत्रपत्रिकामा प्रकाशित लेख, इन्टरनेटका विभिन्न साइटहरुबाट प्राप्त लेखहरुको समिक्षा जस्ता कुरालाई यसमा उल्लेख गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान क्षेत्रमा अपनाईएका पद्दति तथा विधिको बारेमा उल्लेख गरि सम्बन्धित क्षेत्रको तथ्यांक लिईएको छ ।

चौथो अध्यायमा विवाहित महिलाहरुको सामाजिक, आर्थिक अवस्थालाई तालिकामा प्रस्तुत गरि त्यसलाई विश्लेषण गरिएको छ ।

विवाहित महिलामा हुने घरेलु हिंसाका प्रकार, कारण र त्यसको प्रभावका बारेमा पाँचौ अध्यायमा तालिका मार्फत प्रस्तुत गरि विश्लेषण गरिएको छ । व्यक्तिगत अध्ययनलाई यसै अध्यायमा प्रस्तुत गरि महिलाहरुले भोगेका हिंसा र त्यसको प्रभाव महिलाको जीवनमा कस्तो पर्दोरहेछ भनी उल्लेख गरिएको छ ।

छैठौ अध्यायमा अध्ययनको सारांश तथा निष्कर्ष लाई समावेश गरिएको छ । र अन्त्यमा शोधकार्ताले अध्ययन गरेको सन्दर्भ साहित्यको सूची, शोधकार्यको लागि प्रयोग गरिएको प्रश्नावली, व्यक्तिगत अध्ययनको लागी प्रयोग गरिएको चेक लिष्टलाई समाबेस गरिएको छ ।

# अध्याय दुई

# साहित्यको पूनरावलोकन

## २.१ विश्वव्यापि सन्दर्भमा महिला हिंसा

युवती र महिला विरुद्ध हुने हिंसा एक विश्वब्यापी महामारी र विश्वस्तरमा हुने मानव अधिकारको उल्लंघन हो । यसमा शारीरिक, यौन,र मानसिक हिंसाको साथै बलात्कार, महिला तस्करी जस्ता प्रथाहरु समावेश छन् । संयुक्त राष्ट्रसंघ विकासकोषको अनुसार विश्वस्तरमा हरेक तीन महिलामा कमसेकम एक महिलाले सेक्सको लागी पिटाई खाने वा जीवन भरी नै दुरुपयोग सहेर बसेको पाईएको छ जुन कुनै देशहरुमा ७० प्रतिशत सम्म रहेको छ । (इन्सेक, २०१३)

आफ्नो समकक्षी, श्रीमान्, परिवारकै सदस्यबाट अथवा कसैबाट पनी महिला माथि हिंसा गर्नु कानुनी अपराध भएपनी उनीहरु बहिर ल्याउन चाहदैनन् र उजुरी पनी पर्दैन । त्यस्तै बुढाबुढीहरुपनी यस्ता हिंसाजन्य कुरालाई बाहिर ल्याउन चाहदैनन् किनकी उनीहरुलाई आफ्नो सम्पत्ति नासीने डर हुन्छ । (women’s lives, Gwyn kirk,2001)

प्रसीद्ध समाजशास्त्री Bennet (1983) ले आफ्नो अनुसन्धानात्मक पुस्तक ‘Dangerous wives and sacred sisters’ मा पनि आमाको रुपमा सामाजिक सांस्कृति रुपले महिलालाई उच्च सम्मान गरेको छ तर श्रीमती वा बुहारीको रुपमा अपमानित तथा कष्टप्रद जीवन, लोग्नेको दासीको रुपमा बस्नुपर्ने धार्मिक सांस्कृतिक मान्यता, रहेको कुरा उल्लेख गरिएको छ । जसमा यसै प्रसङ्गलाई उजागर गर्दै कुमारीलाई पवित्रता तथा शुद्धता संग जोडेर हेरिन्छ भने सन्तान उत्पादन गर्ने कार्यमा संलग्नतालाई pollution सँग जोडिएको छ ।

जीवनका हरेक क्षणमा विश्वभरका महिलाहरुले विभिन्न कारुणिक उलंघनका घटना भोग्नु परेको छ। पिडाको मात्रा फरक भएपनि उनीहरुले यो केवल महिला भएका कारणले अथवा महिला प्रतिको भेदभावका कारण भोग्नु परेको हो । घर र समुदायमा हुने महिला विरुद्धको हिंसाको मात्रा पत्ता लगाउन कठिन छ । किनकी यस्ता घटनाहरु जानकारीमा नै आउदैनन् र छोरीले बाल अवस्था देखिनै शारीरिक, यौनजन्य र मानसिक पिडा भोग्नुपर्दछ । यसको

फलस्वरुप पोषण र औषधोपचारमा समान ब्यवहार नपाउनु वा श्रम वा परिवार भित्र यौन दुव्यवहार गरिनु आदि हुन्छन् (एमनेष्टी इन्टरनेशनल, १९९९)

संयुक्त राष्ट्रसंको विश्व महिलाको अवस्थाका बारेमा सन् २०१५ मा प्रकाशित गरेको प्रतिवेदन अनुसार उनीहरुको जनसंख्या, स्वास्थ्य, शिक्षा, आर्थिक अवस्था आदिमा केहि सकारात्मक परिर्वन देखिए पनि महिला माथि हुने हिंसामा कमि आएको छैन । प्रविधियुक्त देश अमेरिकामा समेत हरेक दुई मिनेटमा महिला यौनदुव्यवहारको सिकार हुने गरेको पाईन्छ । त्यस्तै अस्ट्रेलिया, क्यानाडा, इजरायल, दक्षिण अमेरिकामा ४०-६० प्रतिशत महिलाको हत्यामा आफ्नै नजिको पार्टनर वा प्रेमि रहेको देखिन्छ । (worlds women, 2015)

Brower,Harris,Tanaka (1998) भन्छन की जेन्डरमा आधारित हिंसा एउटा गम्भिर समास्या हो । पपुवा न्यूगिनीयामा १९९२ मा गरिएको अध्ययनमा १२०३ जना महिला र ११९२ जना पुरुष मध्येवाट यो पत्तालाग्यो की पपुवा न्यूगिनीया का ६७ प्रतिशत महिलाहरु चाहीं श्रीमानबाट पिटाई खान्छन् र त्यसमा पनी आयरल्याण्ड तिरको ५० प्रतिशत कुटिन्छन् भने हाइल्याण्ड तिरको चाहि १०० प्रतिशत महिला कुटिन्छन् । त्यस्तै पपुवा न्यूगिनीको आधाभन्दा बढी महिलाले उनीहरुको जीवनमा एक पटक न एक पटक यौनजन्य हिंसालाई भोगेका हुन्छन् ।

## २.२ दक्षिण एसियाको सन्दर्भमा महिला हिंसा

दक्षिण एसियाको सामाजिक साँस्कृतिक परिवेशलाई हेर्दा महिलाको आवस्था निकै चिन्ताजनक र खस्कदो रुपमा रहेको छ । यहाँको साँस्कृतिक अवस्थालाई नियाल्दा परिवारको सदस्यमा बुहारीको स्थान सबैभन्दा निम्न स्थानमा रहेको हुन्छ । गर्भवती अवस्थामा भारी बोक्नु, गह्रौ काम गर्नुपर्ने हुन्छ भने अर्कोतिर गुणस्तरिय खानाबाट पनी महिलालाई बञ्चित गरेको पाईन्छ ।

दक्षिण एसिया, अमेरिका, यूरोप तथा अन्य देशमा गरिएको सर्वेक्षणले पनि घर भित्र महिला र बच्चा विरुद्ध हिंसा हुन्छ भन्ने देखाएको छ । धेरै देशमा ३० देखि ५० महिला कमसेकम एक पटक पिटिएको हुन्छन् ।

भारतको हरियाना स्थित कृषि विश्वविद्यालयले गरेको लिङ्ग तथा हिंसा सम्बन्धि अध्ययनले महिलामाथि हुने हिंसाका ६ चरणहरु देखाएको छ । जस्तैः जन्मिनुअघि, जन्मेपछि, केटाकेटी अवस्था, विवाहित अवस्था र वृद्ध अवस्था । उक्त अध्ययनले यी सबै चरणमा महिला भएकै कारणले विभिन्न किसिमका हिंसाहरु खपिराखेका हुन्छन् भन्ने पुष्टि गरेको छ । भारतमा हरेक ९ मिनेटमा एक महिला श्रीमान् या उसको नातादारीद्वारा क्रुरताको शिकार हुन्छन् ।

आइसीआरडब्लुद्वारा भारतमा गरेको अध्ययन अनुसार घरेलु हिंसा धेरै भएको देखाइएको छ । यस अध्ययनमा ५० प्रतिशत सबै उमेर, शिक्षित र सवै क्षेत्रका महिलाले बताए अनुसार उनीहरुमा विवाह पश्चात शारीरिक तथा मनोवैज्ञानिक हिंसाको अनुभव रहेको छ । यस्तै करिव ५८ प्रतिशत महिलाले बताए अनुसार विवाह पश्चात्को सामान्य कुरा हो । यो अध्ययनले अर्को दुखदायी कुरा के देखाएको छ भने घरेलु हिंसा लुकिछिपि अथवा व्यक्तिगत नभई माईती, घर, छिमेक र आफन्तलाई जानकारी भएको हुन्छ, तर यीनीहरु कोहि बोल्दैनन् ।

स्वेच्छाले दाईजो दिने चलन सबै मुलुकमा र वर्गमा भएतापनी आर्थिक लाभका दृष्टिले विवाह र दाईजोको उपयोग गर्ने चलन भने एसियाका मुलुकहरु भारत, बंगलादेश, पाकिस्तान, नेपाल, श्रीलंकामा पाईन्छ । भारतमा सन् २०१० मा ८ हजार भन्दा बढि महिलाहरु दाइजोकै कारण मारिएका र ९० हजार भन्दा बढि दाइजो जन्य हिंसाबाट आक्रमित भएको भारतको नेशनल काइम रेकर्ड ब्युरो को तथ्याङ्कमा उल्लेख थियो, (इन्सेक, २०१३) ।

## २.३ महिला हिंसाको सन्दर्भमा अन्तराष्ट्रिय कानुन

संयुक्त राष्ट्र सङ्घले सन् १९४८ डिसेम्बर १० मा जारी गरेको मानवअधिकारसम्बन्धि विश्वव्यापी घोषणापत्रको धारा १६ मा महिला र पुरुषको समान अधिकार सुनिश्चित गरिएकको छ । सन् १९७९मा संयुक्त राष्ट्रसंघले महिला माथि हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धि महासन्धि-CEDAW–Convention on the Elimination of All Discrimination Against Women) गर्न सन्धिपत्र जारी गर्यो । यसैको जगमा उभिएर सन् १९९५ मा चीनको बेइजिङमा सम्पन्न संयुक्त राष्ट्र संघीय चौथो विश्व महिला सम्मेलन “महिला अधिकार : मानव अधिकारको प्रत्याभूतिले एक ऐतिहासिक दस्तावेज बेइजिङ

घोषणापत्र तथा कार्यनीति- BPFA-Beijing Platform of Action- कोसेढुंगाको रुपमा अगाडि सार्यो । यसले महिलाको हक अधिकारलाई सुनिश्चत गरेको छ । यस सम्मेलनले सवै महिलाहरु विशेषतः पिछडिएका महिलाहरुको अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिएको छ । र संयुक्त राष्ट्रसंघको महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको अवस्थामा महिलाहरुको हक अधिकार र सम्मानित रुपले बाँच्ने अधिकार सुनिश्चित गर्नुपर्ने हुन्छ । यो महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि महिला समानता र विकास सम्बन्धी सबै पक्षलाई समेटेर तयार गरेको एक महत्वपुर्ण अन्तराष्ट्रिय दस्तावेज हो (ओझा, २०७३) ।

## २.४ महिला हिंसाको सन्दर्भमा नेपालको कानुन

लैङ्गिकताको पहिचान वा छोरी भएकै आधारमा गरिने हिंसा निजी जीवन घरपरिवार तथा सार्वजनिक स्थान दुवैमा हुने गर्छ र निजी वा सार्वजनिक जीवनमा शारीरिक, यौनिकता तथा मनोवैज्ञानिक रुपमा आघात पुर्‍याउने गरी संचालित गरिने लिङ्गमा आधारित कृयाकलाप वा त्यस किसिमको आघात पुर्‍याउने धम्की, दबाव वा स्वतन्त्रता बाट बञ्चित गर्ने कार्य नै महिला बिरुद्ध हुने हिंसा हो (ओझा, २०७३) ।

नेपालको अन्तरीम संविधान,२०६३ को धारा २० (१) मा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव नगरिने र गरिएको खण्डमा दण्डनिय हुने व्यवस्था गरिएको थियो ।

नेपालको अन्तरिम संविधान,२०६३ को धारा १३ ले पनि महिला पुरुषबीच समान अधिकार सुनिश्चित गरेको थियो । यसैगरी स्वास्थ्य र शिक्षाको अधिकारलाई आधारभूत अधिकारको रुपमा संविधानले प्रत्याभूत गरेको थियो ।

नेपालको घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक,यौनजन्य वा आर्थिक यातना सम्झीनु पर्दछ र सो शब्दले गाली गर्ने वा भावनात्मक चोट पुर्‍याउने अन्य कुनै कार्यलाई समेत जनाउँदछ, (महिला आयोग,२०६६) ।

अहिले आएर नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तब्यको धारा ३८ मा महिला हक भनेर छुट्टै व्यवस्था भएको छ । यस अन्तर्गत निम्न कुराहरुको व्यवस्था गरिएको छ।

- प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि हक हुनेछ ।
- महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक,मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजीम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । (नेपालको संविधान, २०७२)

## २.५ नेपालमा महिला हिंसाको सन्दर्भ

घर सबैको लागि सुरक्षित ठाउँ हो, तर त्यही घर महिलाको लागि असुरक्षित बन्न पुगेको छ । त्यही घर बाट अधिकांश महिलाहरु हिंसा र हत्याबाट आक्रान्त हुनु परेको स्थिती छ ( राजभण्डारी,२०६९)।

भर्खरै सानो बाङथली-७,काभ्रे की लक्ष्मी परियारलाई खाबोमा बाँधेर मलमुत्र ख्वाई मारेको घटना होस वा सिराहामा दाईजोको निहुमा जिउँदै जलाएर मारेको घटना होस यस्ता हृदयविदारक घटनाले महिला माथि हुने अपराधको अवस्थालाई चित्रण गरेको छ । ( दर्नाल,२०१६) ।

वर्तमान नेपाली समाजको वास्तविकतालाई मानसपटलमा राखेर विभिन्न कुकार्यहरुलाई एक एक गरी सम्झिदै जाँदा मात्र महिलाहरु कसरी अन्याय, अपमान र पिडा सहेर बसिरहेका छन् भन्ने थाहा हुन्छ । यो रोदन, क्रन्दन र चित्कारको समाधान मौखिक सान्त्वनाले दिन

सक्दैन । महिलाको आँखाले यो समस्या बुझेर सोही अनुरुप यथार्थपरक कानुनी व्यवस्था गरी त्यसलाई सही ढंगले परिचालन गरिदिन सके मात्र आँशु पुछेको वा घाउमा मल्हम लगाएको ठहर्छ, (ओझा,२०६७) ।

नेपाली समाजमा ३५ प्रतिशत महिला कुनै न कुनै प्रकारको हिंसा बाट पिडित छन् (नेपाल डेमोग्राफी हेल्थ सर्भे (२०११), ४८ प्रतिशत महिला आफ्नो जीवनमा कुनै प्रकारको हिंसा भोग्न बाध्य छन् भने ४० प्रतिशत महिला मानसिक हिंसामा छन् भन्ने तथ्य बाहिर आएका छन् महिला माथि हुने हिंसाको दर हेर्ने हो भने प्रत्येक महिना र वर्ष बढ्दो छ । कतिपयले यो बढेको होईन पहिलेको तुलनामा बाहिर आएको मात्र हो भन्छन तर यही नै हो भन्ने अवस्था छैन किनकी हामीसँग दाबी गर्न सक्ने आधिकारीक तथ्यांक समेत छैन ( सुनार,२०७१) ।

हाम्रो देशमा कति महिला घरेलु तथा अन्य प्रकारका हिंसाबाट पिडित छन् भन्ने निश्चित तथ्यांक छैन तर अधिकांश महिला जीवनको कुनै न कुनै मोडमा शारीरिक या मानसिक हिंसामा पर्ने गरेका छन् (बस्नेत, २०६७) ।

घरेलु हिंसाको कुनै निश्चित स्वरुप हुँदैन र यो कुनै देशको सीमा, जात, उमेर, शिक्षा, व्यवसाय, आय वा सामाजिक प्रतिष्ठा भित्र पनि सिमित छैन । सिद्धान्तत : घरेलु हिंसाको सिकार हुनसक्ने सबै व्यक्तिको बराबर संभावना भए पनि व्यवहारत : परिवार भित्र शक्ति सम्बन्धमा शोषित र कमजोर हैसियत भएका सदस्य पिडित हुने गर्दछन् । यसबाट परिवारमा धेरैजसो महिला नै  पिडित हुन्छन् भन्ने कुरामा दुईमत छैन ।

# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्यायमा अध्ययनको सिलसिलामा प्रयोग गरिने विधि, प्रविधि र प्रक्रियाको बारे विस्तृत वर्णन गरिएको छ । यसै क्रममा अध्ययन क्षेत्रको छनौटको औचित्यका बारेमा उल्लेख गर्नुका साथै अनुसन्धान ढाँचाको छनौट, अनुसन्धानमा प्रयोग गरिने तथ्यांकको स्रोत तथा अध्ययनको समग्रता र नमुना छनौटको बारेमा वर्णन गरिएको छ । यसका अतिरिक्त तथ्याङ्कको संकलन कसरी गरिन्छ र संकलित तथ्यांकको प्रस्तुतिकरण तथा विश्लेषण कसरी कुन रुपमा गरीएकोछ सो समेत सविस्तार उल्लेख गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको परिचय

काठमाण्डौ महानगरपालिका वडा नं ३५, कोटेश्वरमा पर्ने  यस सहयोगीनगर को पुर्वमा कोटेश्वर महादेवस्थान जसलाई दोस्रो पशुपतिनाथ भन्ने गरिन्छ । पश्चिममा वागमती नदि, उत्तरमा सुविधानगर तिनकुने र दक्षिणमा मनोहरा खोला रहेको छ । यस स्थानमा नेपाल अधिराज्यभरीबाट नै आएर डेरा गरि बस्नेको संख्या उल्लेख्य रहेको छ । यस स्थानमा विभिन्न जिल्लाबाट मानिसहरु कामको खोजिमा र जागिरको सिलसिलामा आएर बसोबास गर्दै आएका छन् । यहाँ वसोबास गर्नेहरुमा कुनै एउटा जाति विशेष नभई सबै प्रकारका जातजाति हरुको वसोबास रहेको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र त्यसको औचित्य

प्रस्तुत अध्ययनको निम्ति काठमाडौं महानगरपालिका अन्तरगत पर्ने कोटेश्वर, सहयोगीनगर मा बस्ने विवाहित महिलाहलाई छनौट गरिएकोछ । उक्त क्षेत्रलाई छनौट गर्नुका कारणहरु निम्नानुसार छन् ।

- यो क्षेत्रमा आफू बस्ने हुँदा आफूलाई अनुकुल भएकोले ।
- यस क्षेत्रको बासिन्दा भएकोले अध्ययनका क्रममा तथ्यांक संकलन गर्न सहज हुने हुनाले।
- समय, साधन, स्रोत कम लाग्ने हुनाले ।

## ३.३ अध्ययनको ढाँचा

यस अध्ययनमा वर्णनात्मक तथा अन्वेषणत्मक दुवै अध्ययन विधिको प्रयोग गरिएतापनी पनी बढि वर्णनात्मक विधि नै प्रयोग गरिएको छ । महिलाहरुको सामाजिक, आर्थिक र हिंसाको अवस्था, कारणको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ३.४ तथ्याङ्कका श्रोतहरु तथा प्रकृति

यस अध्ययनका लागि प्राथमिक तथा द्धितिय दुवै तथ्यांकका श्रोत प्रयोग गरिएको छ ।

### (क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत प्राथमिक तथ्यांकको संकलन उत्तरदातासँगको अर्न्तवार्ता, मुख्य सुचना दातासँगको अर्न्तवार्ता , अवलोकन आदि बाट गरिएको छ ।

### (ख) द्धितिय स्रोत

द्धितिय श्रोतको रुपमा यस अध्ययनलाई दिशानिर्देश गर्ने विभिन्न लेख, रचना, पुस्तक, पत्रपत्रिका, यस अध्ययन सम्बन्धि गरिएको पुर्व अनुसन्धान वा शोधकार्यहरु, विभिन्न संघ संस्थाको रेकर्ड र internet बाट प्राप्त लेख हरुलाई द्धितिय वा सहायक श्रोतका रुपमा लिईएको छ ।

## ३.५. अध्ययनको समग्रता तथा नमुना छनौट

हालसम्म देखिएका तथ्यांक संकलनका लागि आवलम्वन गर्ने विभिन्न विधिहरुमध्ये नमुना छनौट विधिलाई भरपर्दो र विश्वसनीय विधिको रुपमा लिन सकिन्छ । अनुसन्धान तथ्यमा आधारित हुन्छ अनुसन्धानको क्रममा समग्रताकै अध्ययन गर्न समय, स्रोत,साधन र अन्य विविध कारणबाट असम्भव हुन जान्छ त्यसैले समग्र इकाईबाट प्रतिनिधिमूलक रुपमा नमुना छनौट गरिएको छ । यो अध्ययनका लागि काठमाण्डौं जिल्ला, काठमाडौ महानगरपालिका वडा नं ३५, सहयोगीनगरमा डेरा गरी बस्ने विवाहित महिलाहरुलाई समेटिएको छ । यस सहयोगिनगर क्षेत्रमा ४०० घर रहेको छ । जसमा डेरागरी बस्नेको संख्या कति छ भनी कुनैपनी निकाय द्धारा तथ्यांक राखिएको छैन । यस अनुसन्धानको लागि निश्चित समय सीमा हुने भएकोले यस वडामा रहेका सम्पुर्ण महिलाहरुको अध्ययन गर्न नसकिने र महिला

हिंसा जस्तो विषयमा कुरा गर्न गाह्रो हुने हुँदा यस अध्ययनमा ४० जना महिलाको मात्र नमुना छनौट गरिएको छ । यस अध्ययनमा ४ जना हिंसा पिडित महिलाहरुको व्यक्तिगत अध्ययन लाई समावेस गरिएको छ ।

### ३.६ तथ्यांक संकलन विधि

अनुसन्धानकर्ताले स्थलगत अध्ययनको आधारमा निम्नलिखित विधिहरुको प्रयोगद्वारा तथ्यांकहरुको संकलन गरी यस शोधकार्यलाई पूर्णता दिइएको छ ।

#### ३.६.१ अन्तरवार्ता सूची

यो एक प्रश्नावली सूची हो जुन प्रश्नावलीमा शोधकर्ता आफै सम्वन्धित अध्ययन क्षेत्रमा गई सम्वन्धित उत्तरदाताहरुलाई अन्तरवार्ता लिई तथ्यांक सङ्कलन गरिएको छ । यसमा अन्तरवार्ताको लागी २० देखी ६० उमेरको लाई छनौट गरिएकोछ ।

#### ३.६.२ अवलोकन

अनुसन्धान कार्य अन्तर्गत यस विधिमा हिंसा पिडित विवाहित महिलाहरुको अवलोकन गरियो। अवलोकनका क्रममा विभिन्न ठाउँबाट काठमाण्डौमा डेरा गरि बसेका महिलाहरुमा हिंसापिडित महिलाहरुको हिंसाको अवस्थालाई हेर्दा दाइजोको निहुँमा हुने हिंसाका कारण घरमा बस्न नसकी काठमाण्डौ आएको र यहाँ डेरा गरेर कुनै न कुनै पेशा गरेरबसेको पाईयो यसका साथै विवाहित महिलाको हिंसाको स्थिति, पारिवारीक स्थिती, पेशा, शिक्षा सँग सम्बन्धित कुराहरुको बारेमा अवलोकन गरियो ।

### ३.७ तथ्यांकको प्रस्तुतिकरण तथा विश्लेषण

अध्ययनको क्रममा संकलित तथ्यलाई क्रमबद्ध तरिकाले प्रस्तुत गरिएकोछ । अनुसन्धान गर्दा आवश्यक मात्रामा तथ्यांक संकलन स्थलगत अध्ययनबाट गरिएको छ र त्यस स्थलगत अध्ययन बाट प्राप्त तथ्यांकलाई सामान्य तालिकीकरण गरी संख्या र प्रतिशतको आधारमा विश्लेषण गरिएको छ । यसैगरी अध्ययनको उद्देश्य अनुरुप संकलित तथ्यहरुलाई यथार्थपरक ढंगबाट विश्लेषण गरी समस्याको समाधानका लागि ठोस सुझाव समेत दिइने प्रयास गरिएको छ ।

## ३.८ गोपनियता

अनुसन्धान गर्दा उत्तरदाता महिलाहरुको नाम ठेगानालाई गोप्य राखिएको छ ।

## ३.९ अनुसन्धानको सीमा

महिलाको भूमीकामा अहिले धेरै परिवर्तन भएको पाईन्छ तरपनी हाम्रो समाजको पारिवारीक ढाँचा पितृसत्तात्मक ढाँचामा आधारित छ जसले गर्दा महिलामाथि हुने घरेलु हिंसाको क्षेत्र धेरै भएको कारणले गर्दा यस अध्ययनमा निम्न प्रकारको सीमितता रहेको छ ।

- विद्यार्थीले आफ्नो अध्ययनको विषय भित्र परेको एउटा विषयको मात्र अध्ययन गर्नुपर्ने भएको हुँदा समय र अर्थको सिमितताका कारणले गर्दा वृहत क्षेत्रलाई र सिमित क्षेत्र भित्रका सबै महिलालाई समेटन सकिएको छैन ।
- यस अध्ययनले सम्पुर्ण नेपाली महिला माथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्दैन।
- विद्यार्थी भएको कारणले गर्दा यसमा लाग्ने आर्थिक हिसाबको कारणले गर्दा पनि सिमित क्षेत्र भित्र सबै महिलालाई अध्ययनमा समेट्न सकिएको छैन

# अध्याय चार

# हिंसा पिडित महिलाहरुको सामाजिक तथा आर्थिक पृष्ठभूमी

यस अध्यायमा उत्तरदाता महिलाहरुको उमेर, जाति, धर्म, पेशा, पुरा गरेको शिक्षा, परिवारको प्रमुख आयश्रोत, उत्तरदाता महिला तथा श्रीमान्को शिक्षा, पेशा हरुलाई तल तालिकाको माध्यमबाट प्रस्तुत गरि विश्लेषण गरिएको छ ।

### ४.१ उत्तरदाता महिलाहरुको उमेरको विवरण

यस तलिकामा उत्तरदाता महिलाहरुको उमेरलाई विभिन्न भागमा विभाजन गरि प्रस्तुत गरिएको छ । यस तालिकामा उमेर समुह भनि महिलाहरुको उमेर छुट्याइएको छ जसमा ८ वर्षको फरक पारी ५ समूह छुट्टयाईएको छ ।

**तालिका नं. १: उत्तरदाता महिलाहरुको उमेर**

| उमेर समुह | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| २०-२८ | ७ | १७.५ |
| २९-३६ | ५ | १२.५ |
| ३७-४४ | १३ | ३२.५ |
| ४५-५२ | ९ | २२.५ |
| ५३-६० | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस अध्ययनमा २० देखि ६० उमेरका घरेलु हिंसा पिडित विवाहित उत्तरदाता महिलाहरुको उमेर समूह छुट्टयाइएको छ । माथि उल्लेखित तालिका अनुसार उमेर समूहलाई ५ समूहमा विभाजित गरिएको छ । सबभन्दा कम उमेरमा २० बर्ष र बढिमा ६० बर्षलाई लिइएको छ । जसमा २०-२८ समूहमा १७.५%, २९-३६ समूहमा १२.५% , ३७-४४ समूहमा ३२.५% , ४५-५२ समूहमा २२.५% , ५३-६० समूहमा १५% रहेका छन् । यस मध्ये सवभन्दा बढि उत्तरदाता महिलाहरुमा ३७-४४ उमेरका महिलाहरु छन् ।

## ४.२ उत्तरदाता महिलाहरुको जातिगत विवरण

यस तालिकामा उत्तरदाता महिलाहरुको जातिगत विवरण प्रस्तुत गरिएको छ । जसमा जातिलाई विभिन्न भागमा विभाजन गरिएको छ भने अन्यमा दलित भनि परिभाषित भएका जातिहरुलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : उत्तरदाता महिलाहरुको जाति**

| जति | **उत्तरदाता** | **प्रतिशत** |
|---|---|---|
| ब्राम्हण / क्षेत्री | १५ | ३७.५ |
| जनजाति(राई, लिम्बु, मगर) | ६ | १५ |
| (यादव, गुप्ता) | १० | २५ |
| अन्य(गाईने,दर्नाल,सार्की,परियार) | ९ | २२.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तलिका नं २ मा उत्तरदाता महिलाहरुको जातिगत विवरण अनुसार जातिगत रुपमा ब्राम्हण / क्षेत्री जातिका महिलाहरुबाट सबैभन्दा बढि १५ जना र जनजाति महिलाहरुबाट सबैभन्दा कम ६ जना रहेका छन् । उत्तरदाता कुल ४० जना मध्ये प्रतिशतमा सबैभन्दा बढि ब्राम्हण ३७.५%, जनजाति (राई, लिम्बु, मगर) १५%, यादव, गुप्ता २५%, अन्य (गाईने, दर्नाल, सार्की, परियार) २२.५% रहेका छन् ।

## ४.३ उत्तरदाता महिलाहरुको धर्म

यस तालिकामा उत्तरदाता महिलाहरुको धर्मको विवरणलाई प्रस्तुत गरिएको छ । महिलाहरुको जातिमा विविधता पाइएपनी उनीहरुको धर्म भने तीन प्रकारको मात्र पाइएको छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ३ : उत्तरदाता महिलाहरुको धर्म**

| धर्म | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३० | ७५ |
| बौद्ध | ७ | १७.५ |
| क्रिश्चियन | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत अध्ययन, २०७३

यस तालिका नं ३ मा घरेलु हिंसा पिडित महिलाहरुको धर्मलाई प्रस्तुत गरिएको छ । जसअनुसार धार्मिक रुपमा हिन्दु धर्मका महिलाहरु सबैभन्दा बढि ३० जना र क्रिस्चियन धर्मका सबैभन्दा कम ३ जना रहेका छन् । जम्मा ४० जना उत्तरदाता मध्ये प्रतिशतमा हिन्दु धर्ममा ७५% बौद्ध धर्ममा १७.५% र क्रिश्चियन धर्ममा ७.५% रहेका छन् ।

## ४.४ उत्तरदाता महिलाहरुको वैवाहिक अवस्था

यस तालिकामा उत्तरदाता महिलाहरुको वैवाहिक अवस्थाको बारेमा विवरण प्रस्तुत गरिएको छ। जसमा छुट्टिएर बसेको भन्नाले श्रीमान् सँगै नबस्ने भन्ने जनाउँछ ।

**तालिका नं ४ : उत्तरदाता महिलाहरुको वैवाहिक अवस्था**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३७ | ९२.५ |
| श्रीमान्सँग छुट्टिएर बसेको | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत अध्ययन, २०७३

यस तालिकामा विवाहित महिलाहरुमा ९२.५% आफ्नो श्रीमान् र उसको परिवारसँग सँगै बसोबास गरिराखेको पाइयो जसलाई विवाहित भनि छुट्टयाइएको छ भने आफ्नो श्रीमान् लगायत उसको परिवारसँग सँगै नबसी छुट्टिएर बसेका महिलाहरु ७.५% रहेका छन् ।

### ४.५ उत्तरदाता महिलाहरुको पेशा

यस तालिकामा उत्तरदाता महिलाहरुको पेशाको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ । यसमा महिलाहरुले आफ्नो दैनिक जीवनमा गर्ने कामलाई लिइएको छ । जसलाई विभिन्न भागमा विभाजन गरिएको छ । यसमा अन्य भनी घरमा नै बसी गरिने कामहरु जस्तै : ढाकाको व्याग बनाउने, पोते बुन्ने, स्वीटर बुन्ने जस्ता कामहरुलाई यस भागमा राखिएको छ ।

**तालिका नं ५. उत्तरदाता महिलाहरुको पेशा**

| पेशा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| गृहिणी | ११ | २७.५ |
| जागिरे - सरकारी | ५ | १२.५ |
| - प्राईभेट | ८ | २० |
| - ज्यालादारी | ६ | १५ |
| स्वरोजगार | ७ | १७.५ |
| अन्य(वैदेशिकरोजगार,सिलाई-बुनाई) | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

तलिका न. ५ मा उत्तरदाता महिलाहरुको पेशालाई प्रस्तुत गरिएको छ । जसमा जागिरेलाई सरकारी, प्राईभेट,ज्यालादारी,स्वरोजगार (घरमानै बसी गरीने गुडिया बनाउने,पोते बुन्ने लगायतका कार्य) गरी ४ भागमा विभाजन गरिएको छ । यसमा गृहिणी २७.५%, जागीरे( सरकारी), १२.५%, प्राईभेट २०%, ज्यालादारी १५%, स्वरोजगार १७.५%, र अन्यमा ७.५% रहेका छन् । यहाँ अन्यमा वैदेशिक रोजगार तथा सिलाई - बुनाई लगायतका कामलाई लिईएको छ ।

### ४.६ उत्तरदाता महिलाहरुले पुरा गरेको शिक्षाको विवरण

यस तालिकामा उत्तरदाता महिलाहरुले पुरा गरेको शिक्षाको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ । यसमा उत्तरदाता महिलाहरुले पुरा गरेको शिक्षा भन्नाले प्राप्त गरिसकोको

शिक्षा भनी भनिएको छ भने अन्य भनी सामान्य लेखपढ वा प्रौढ शिक्षा प्राप्त गरेको महिलालाई भनिएको छ ।

**तालिका नं ६ : उत्तरदाता महिलाहरुले पुरा गरेको शिक्षा**

| पुरा गरेको शिक्षा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| प्राथमिक तह | ६ | १५ |
| निम्नमाध्यमिक तह | ७ | १७.५ |
| माध्यमिक तह | ५ | १२.५ |
| उच्चमाध्यमिक तह | १० | २५ |
| स्नातक तह | ९ | २२.५ |
| अन्य(सामान्यलेखपढ, प्रौढ शिक्षा) | ३ | ७.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन,२०७३

तलिका नं ६ मा हिंसा पिडित महिलाहरुले पुरा गरेको शिक्षालाई प्रस्तुत गरिएको छ । कुल संख्यामा प्राथमिक तहमा १५%, निम्नमाध्यमिक तहमा १७.५%, माध्यमिक तहमा १२.५%, उच्चमाध्यमिक तहमा २५%, स्नातक तहमा २२.५%, सामान्य लेखपढ तथा प्रौढ शिक्षामा ७.५% रहेका छन् भने स्नातकोत्तर तहमा शून्य रहेको पाइएको छ ।

## ४.७ उत्तरदाता महिलाहरुको परिवारको मुख्य आयश्रोतको विवरण

यस तालिकामा उत्तरदाता महिलाहरुको परिवारको मुख्य आयश्रोतको विवरणलाई प्रस्तुत गरिएको छ। यसमा आयश्रोतलाई व्यापार, आफ्नो जागिर जस्ता भागमा विभाजन गरिएको छ भने अन्यमा आफ्नो मात्र जागिर भएको र श्रीमान् लगायत परिवारका अन्य सदस्यको सहयोग नभई बसेका महिलाहरुलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं ७ : उत्तरदाता महिलाहरुको परिवारको आयश्रोत**

| परिवारको आयश्रोत | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| व्यापार | ८ | २० |
| श्रीमान्को जागिर | १० | २५ |
| श्रीमान् तथा आफ्नो जागिर | १५ | ३७.५ |
| अन्य (आफ्नो जागिर) | ७ | १७.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस माथि उल्लेखित तालिकामा उत्तरदाता महिलाहरुको परिवारको मुख्य आयश्रोतहरुको बारेमा उल्लेख गरिएको छ । जसमा व्यापारमा २०%, श्रीमान्को जागिरमा २५%, श्रीमान् तथा आफ्नो जागिरमा ३७.५%, अन्य (आफ्नो जागिर) मा १७.५% रहेका छन् ।

### ४.८ उत्तरदाता महिलाहरुको श्रीमान्ले पुरा गरेको शिक्षाको विवरण

यस तालिकामा उत्तरदाता महिलाहरुको श्रीमान्ले पुरा गरेको शिक्षाको विवरणलाई प्रस्तुत गरिएको छ । जसमा पुरा गरेको शिक्षालाई तालिकामा प्रस्तुत गर्न विभिन्न भागमा विभाजन गरिएको छ ।

**तालिका नं ८ : उत्तरदाता महिलाहरुको श्रीमान्ले पुरा गरेको शिक्षा**

| श्रीमान्ले पुरा गरेको शिक्षा | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| प्राथमिक तह | ३ | ७.५ |
| निम्न माध्यमिक तह | ६ | १५ |
| माध्यमिक तह | १० | २५ |
| उच्च माध्यमिक तह | ७ | १७.५ |
| स्नातक तह | ९ | २२.५ |
| स्नातकोत्तर तह | ५ | १२.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथि उल्लेखित तालिकामा उत्तरदाताको श्रीमान्ले पुरा गरेको शिक्षाको विवरण प्रस्तुत गरिएको छ । तालिका अनुसार प्राथमिक तहमा ७.५%, निम्न माध्यमिक तहमा १५%, माध्यमिक तहमा २५%, उच्चमाध्यमिक तहमा १७.५%, स्नातक तहमा २२.५%, र स्नातकोत्तर तहमा १२.५% रहेका छन् ।

### ४.९ उत्तरदाता महिलाहरुको श्रीमान्को पेशाको विवरण

यस तालिकामा उत्तरदाता महिलाहरुको श्रीमान्को पेशा सम्बन्धि विवरणालाई प्रस्तुत गरिएको छ र पेशालाई विभिन्न प्रकारमा विभाजन गरिएको छ भने अन्यमा दैनिक काम गरि पैसा प्राप्त गर्ने व्यक्तिलाई यस भागमा राखिएको छ । जसमा मिस्त्री काम गर्ने, भारी बोक्ने, गाडिमा सामान ओसारपोसार गर्ने जस्ता व्याक्तिहरुलाई यस भागमा राखिएको छ ।

**तालिका नं ९ : उत्तरदाता महिलाहरुको श्रीमान्को पेशा**

| श्रीमान्को पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी जागिर | ६ | १५ |
| प्राईभेट जागिर | ८ | २० |
| व्यापार | १२ | ३० |
| अन्य (ज्यालादारी) | १४ | ३५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

मथिको तालिमा प्रस्तुत गरिएअनुसार महिलाहरुको श्रीमान्को पेशामा सरकारी जागिर भएका १५%, प्राईभेट जागिर भएका २०%, व्यापार व्यवसायमा ३०%, अन्य (ज्यालादारी) पेशा भएका ३५% रहेका छन् ।

### ४.१० उत्तरदाता महिलाहरु डेरा गरि बस्नुको मुख्य कारणहरु

उत्तरदाता महिलाहरु काठमाण्डौमा डेरा गरि बस्नुको कारणहरु यस तालिकामा प्रस्तुत गरिएको छ । कतिपय महिलाहरुको गाउँघरमा घर जग्गा हुँदाहुँदै पनि कारणवस यहाँ बस्नुपरेको बताएका छन् ।

**तालिका नं १० : डेरा गरी बस्नुको मुख्य कारण**

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| जागिर तथा बच्चा पढाउन | १३ | ३२.५ |
| कामको खोजिमा | १५ | ३७.५ |
| श्रीमान् तथा आफ्नो जागिरको कारण | १२ | ३० |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस तालिकामा उत्तरदाता महिलाहरुले यस क्षेत्रमा डेरा गरी बस्नुको कारणमा जागिर तथा बच्चा पढाउन मा ३२.५% , कामको खोजिमा ३७.५% , श्रीमान् तथा आफ्नो जागिरको कारण मा ३०% रहेको छ । यसबाट के देखियो भने सहरिया जिवन प्रतिको आकर्षण र आफ्ना छोराछोरीको शैक्षिक गुणस्तरको लागि पनि यस्ता परिवार यस क्षेत्रमा डेरा गरी बसेको पाईयो।

## ४.११ उत्तरदाता महिलाहरुको श्रीमान्ले सेवन गर्ने मादक पदार्थको आवधिक विवरण

उत्तरदाता महिलाहरुको श्रीमान्ले सेवन गर्ने मादक पदार्थ आवधिक मात्रामा कति समयको अन्तरालमा सेवन गर्छन भन्ने प्रश्नको उत्तर तलको यस तालिकामा प्रस्तुत गरिएको छ । कुल उत्तरदाता मध्ये १० जना महिलाले आफ्नो श्रीमान्ले मदिरा सेवन नगर्ने बताएका थिए भने ३० जनाले आफ्नो श्रीमान्ले मदिरा सेवन गरेको बताएका थिए । त्यहि मदिरा सेवन गर्नेहरु लाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं ११ : उत्तरदाता महिलाहरुको श्रीमान्ले सेवन गर्ने मादक पदार्थको आवधिक विवरण**

| मादक पदार्थ सेवनको मात्रा | श्रीमान्को संख्या | प्रतिशत |
|---|---|---|
| हप्तामा एक वा दुई पटक | ७ | २३.३३ |
| महिनामा एक पटक | १० | ३३.३३ |
| कहिले काहि | ८ | २६.६७ |
| सँधैं | ५ | १६.६७ |
| जम्मा | ३० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस तालिका अनुसार उत्तरदाता महिलाको श्रीमान्ले सेवन गर्ने मादक पदार्थको आवधिक विवरणमा हप्तामा एक वा दुईपटक सेवन गर्नेमा २३.३३% , महिनामा एक पटक सेवन गर्नेमा ३३.३३%, कहिलेकाँहि सेवन गर्नेमा २६.६७%, र सँधै सेवन गर्नेमा १६.६७% रहेको छ । यो परिणामले यो पनी बुझाउँछ की जुन महिलाहरुको श्रीमान्ले धेरै समयको फरकमा मादक पदार्थ सेवन गरेका छन् उती नै घर झगडा कम भएको पाईन्छ ।

# अध्याय पाँच

# महिलाहरुले भोगेका घरेलु हिंसाका प्रकार, कारण र सामना

यस अध्यायमा उत्तरदाता महिलाहरुले भोगेका घरेलु हिंसाको प्रकार, कारण र त्यसलाई कसरी समना गर्छन् भन्ने कुरालाई तालिकामा प्रस्तुत गरि विश्लेषण गएिको छ ।

स्थलगत अध्ययनबाट प्राप्त विवरणमा उत्तरदाता महिलाहरुले आफ्नो जीवनमा भोगेका विभिन्न प्रकारका हिंसाको बारेमा बताएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.१ उत्तरदाता महिलाहरुको हिंसाको अनुभव

तल प्रस्तुत तालिकामा उत्तरदाता महिलाहरुले आफूले विभिन्न प्रकारका हिंसा भोगीरहेको भनी बताएका छन् ।

**तालिका नं १२ : हिंसाको अनुभव**

| हिंसाको अनुभव छ/छैन | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ४० | १०० |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस तालिकाको परिणाम अनुसार १००%, महिलाले आफ्नो दैनिक जीवनमा विभिन्न प्रकारका हिंसा हुने गरेको छ भनेका छन् ।

## ५.२ श्रीमान्सँगको असहमति

श्रीमान्सँग कुनै कुरामा असहमति हुन्छ की हुँदैन भनी सोधिएको प्रश्नको उत्तरमा महिलाहरुले असहमति हुन्छ भनी उत्तर दिएका थिए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १३ : श्रीमानसँगको असहमति**

| असहमति | संख्या | प्रतिशत |
|---|---|---|
| हुन्छ | ४० | १०० |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यो माथिको तालिकामा श्रीमान्सँग असहमति हुन्छ भन्नेमा १००% , महिलाहरु रहेका छन् । स- साना घरायसी कुराहरु देखि लिएर विभिन्न ठूला घरायसी निर्णयहरु जस्ता कुराहरुमा असहमति रहेको पाईएको छ ।

## ५.३ असहमतिको कारण

अध्ययनको क्रममा श्रीमान्सँग असहमति हुनाको कारण के के हो भनी सोधिएको प्रश्नमा उत्तरदाताले घरायसी र आर्थिक कुराबाट हुने भनी उत्तर दिएका थिए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १४ असहमतिका कारण**

| असहमतिको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| घरायसी कुरामा | २९ | ७२.५ |
| आर्थिक कुरामा | ११ | २७.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा ७२.५%, ले घरायसी कुरामा धेरै असहमति हुने र २७.५%, ले आर्थिक कुरालाई लिएर असहमति हुने बताएका छन् ।

## ५.४ हिंसाका प्रकार

महिलाहरुले विभिन्न प्रकारका हिंसाहरु हुने गरेको बताएका छन् । जसमा शारीरिक, मानसिक, यौनिक हिंसा गरि विभाजन गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १५ : हिंसाका प्रकार**

| हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मानसिक | १८ | ४५ |
| शारीरिक | १३ | ३२.५ |
| यौनिक | ९ | २२.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार सबैभन्दा बढी मानसिक हिंसा ४५ , त्यसपछी शारीरिक हिंसा ३२.५, र यौनिक हिंसा २२.५ रहेको पाइयो ।

### ५.५ मानसिक हिंसाको प्रकार

तलको तालिकामा उत्तरदाता महिलाहरुले भोगेका मानसिक हिंसाका विभिन्न प्रकारहरु गालिगलौज गर्ने, शारीरिक यातनाको डर धाक देखाउने, झुठा कुरा लगाउने, घरबाट निकाल्ने गर्ने जस्ता कार्यहरुलाई समावेश गरिएको छ ।

**तालिका नं १६ : मानसिक हिंसाका प्रकार**

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| गालि गलौज गर्ने | १८ | ४५ |
| शारीरिक यातनाको डरधाक देखाउने | ११ | २७.५ |
| झुठा कुरा लगाउने | ७ | १७.५ |
| घरबाट निकाल्ने | ४ | १० |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा हिंसाका प्रकारहरुमध्ये मानसिक हिंसाको प्रकारहरुको विश्लेषण गरिएको छ जसमा गालिगलौज गर्नेमा सबैभन्दाबढी ४५% , शारीरिक यातनाको डरधाक देखाउनेमा २७.५% , झुठा कुरा लगाउनेमा १७.५% र घरबाट निकाल्नेमा १०% रहेका छन्

व्यक्तिगत अध्ययनले मानसिक हिंसालाई झनै प्रष्ट पार्न सकिन्छ । विवाह पछि आएको परिवर्तन, घर परिवारको व्यवहारले महिलाहरुलाई पर्न जाने असर जस्ता कुराहरु यस अध्ययनमा पाइएको छ । विवाहपछि माइति पक्षमा पर्ने असर विरामी हुँदा श्रीमान्को परिवारबाट पाइने परिवर्तित व्यवहारले महिलाको जीवनमा नराम्रो असर पर्ने गरेको हुन्छ जसलाई तल कोठामा प्रस्तुत गरिएको छ ।

**व्यक्तिगत अध्ययन नं १**

**रञ्जना कार्की (नाम परिवर्तन)**

मेरो जन्म रामेछापमा भएको हो । हामी तीन दिदी बहिनी र दुई जना भाई गरी जम्मा पाँच जना सन्तान हौ । दिदी बहिनी मध्ये बुवा आमाको म दोस्रो सन्तान हुँ । सन्तान पाँच जना भएपनी पढाईलेखाईमा कुनै भिन्नता थिएन । मेरो ५ वर्ष अगाडी प्रेम विवाह भएको हो । मेरो श्रीमान् कामको सिलसिलामा काठमाण्डौ बस्ने हुनाले वहाँले मलाई पनी काठमाण्डौ नै लिएर आउनुभयो । विवाह गरेको २ वर्ष सम्म राम्रो थियो । २ वर्ष बितिसक्दापनी हाम्रो कुनै सन्तान नभएकोले सन्तान नभएकै निहुँमा हामीबीच मनमुटाव हुन थाल्यो । वहाँले तँ बाट सन्तान हुँदैन म अर्की विवाह गर्छु भन्ने जस्ता कुराहरु गरेर मलाई तनाब दिन थाल्नुभयो कहिलेकाँही घर आउँदा रक्सी पिएर आउने र मलाई लछारपछार पार्ने गर्न थाले यस्तो कार्य दिनदिनै हुन थालेपछी घरबेटीले पनी थाहा पाए र उनीहरुले हामी दुवै जनालाई बोलाएर सन्तान नभएकोमा झगडा गर्नुभन्दा डाक्टरलाई भेटेर सल्लाह लिनु भन्नुभयो । त्यसको ८ दिन पछि मेरो श्रीमान् एक्कासी दिउसै कामबाट कोठामा आएर डाक्टरकोमा हिड भन्नुभयो म चुपचाप उसको पछी लागे डाक्टरलाई देखाएपछी मेरो कारणले सन्तान नभएको होइन भन्ने थाहा भएपछी बल्ल मेरो श्रीमान्को व्यवहार म प्रति राम्रो हुँदै गयो तर उसको रक्सी खाने बानी भने हटेन ।

## ५.६ शारीरिक हिंसाका प्रकार

यस तालिकामा शारीरिक हिंसाका विभिन्न प्रकारका बारेमा विष्लेषण गरिएको छ। शारीरिक हिंसाका प्रकारहरुमा कुट्ने - पिट्ने, लछारपछार पार्ने , शारीरिक चोट पुरयाउने जस्ता कार्यहरुलाई प्रस्तुत गरिएको छ।

**तालिका नं १७ : शारीरिक हिंसाका प्रकार**

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| कुट्ने पिट्ने | १० | ५० |
| शारीरिक चोट पुर्‍याउने | ४ | २० |
| लछारपछार पार्ने | ६ | ३० |
| जम्मा | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

यस माथिको तालिकामा उत्तरदाता महिलाहरुले भोगेका शारीरिक हिंसा भित्र पर्ने विभिन्न प्रकारका हिंसाहरुलाई तालिकामा प्रस्तुत गरिएको छ । यसमा सबैभन्दा धेरै कुट्ने - पिट्नेमा ५०%,त्यसपछि लछारपछार पार्नेमा ३०%,र शारीरिक चोट पुर्‍याउनेमा २०%रहेको छ ।

शारीरिक हिंसाले महिलाहरुको शरीरलाई चोट पुर्‍याउनुको साथै व्याक्तिगत जीवनमा पनि असर पुरयाएको हुन्छ । महिला भएकै कारण हिंसा व्यहोर्नु परेको घटना दिनदिनै बढ्दै गइरहेका छन् साथै उनीहरु अन्य व्यक्तिसँग खुलेर कुरा गर्न पनी सक्दैनन् । महिलाहरुको जीवनमा शारीरिक हिंसाले कति असर पर्छ भन्ने कुरा तलको व्यक्तिगत अध्ययनले प्रष्ट पार्दछ।

**व्यक्तिगत अध्ययन नं २**

**कमला केसी (नाम परिवर्तन)**

मेरो जन्म सप्तरीको तराई समुदायमा भएको हो । म, मेरो आमा , बुवा र बहिनी गरी हाम्रो ४ जनाको परिवार छ । हामी छोरी छोरी भएतापनी बुवा आमाले अरु सन्तानको चाहना राख्नु भएन । हामी दुई दिदीबहिनीलाई कुनै चिजको कमि हुन दिनुभएन । १९ वर्षको उमेरमा सामुदायीक परम्परा अनुसार माथि विवाह नै भएको थियो । विवाह हुँदा मेरो श्रीमानको उमेर ३० बर्षको थियो । तराईको दाईजो दिने चलन । विवाहमा दाईजो श्रीमान पक्षले भने जति सबै थियो । विवाहको केहि समय त ठिकै थियो तर पछि दाईजो को माग बढ्दै जान थाल्यो । मेरो बुवा अमाले मेरो श्रीमान् पक्षको मागलाई पुरा गर्दै जानुभयो । दाईजोलाई तराई समुदायमा परम्पराको रुपमा हेरिने भएकोले यस विषयलाई लिएर घरमा झगडा हुनु, वादविवाद हुनु सामान्य नै थियो । कहिलेकाँहि मैले दाईजोको निहुँमा कुटाई पनी खाएँ । १ वर्षपछी मैले छोरालाई जन्म दिएँ । अब सबै ठिक हुन्छ भन्ने सोचेको थिएँ तर सोचेजस्तो भएन । श्रीमान्लाई मादक पदार्थको लत बस्न थाल्यो । त्यसपछि त गाली कुटाई पनी सामान्य जस्तो भैसकेको थियो । उमेरको भिन्नताले गर्दा पनी होला हाम्रो विचार पनी खासै मिल्दैनथ्यो । हाम्रो समुदायमा मेरो वुवा आमा सम्मानित व्यक्तित्व भएकोले कुनै पनि निर्णय गर्न धेरै सोचविचार गर्नु पर्दथ्यो । धेरै कुराहरु नराम्रो हुँदाहुँदै पनी केहि बोल्न सकिदैन थियो । यस्ता विभिन्न कुराहरुले गर्दा श्रीमान्को घरमा बस्न नसक्ने भएपछि म बावु लिएर यहाँ (काठमाण्डौ) बस्न आएँ । अहिले यहाँ सानो कस्मेटिक पसल चलाउँदै छु । छोरालाई यही नजीकैको  बोडिङ्ग स्कुलमा पढाएको छु । श्रीमान् आउने जाने गर्नुहुन्छ । कहिलेकाँही भेट हुने र त्यती सँगै नहुने भएर होला झगडा कम नै हुन्छ । अरु कुरा सामान्य नै चलिरहेको छ ।

## ५.७ यौनिक हिंसा

यस अध्ययनमा वैवाहिक बलात्कारको मात्रै तथ्यांक प्राप्त भएकोले त्यसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १८ : यौनिक हिंसा**

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| वैवाहिक बलात्कार | ९ | १०० |
| जम्मा | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकामा यौनिक हिंसा अन्तर्गत वैवाहिक बलात्कारमा १००% रहेको छ भने संख्याको आधारमा ९ जना रहेका छन् ।

घरेलु हिंसा भित्र पर्ने यौनिक हिंसाबाट धेरै महिलाहरु पिडित छन् तापनी उनीहरु खुलेर आफ्नो समस्या भन्न चाहदैनन् । यसमा पनी वैवाहिक बलात्कार धेरै हुने गरेको पाईन्छ । तलको व्यक्तिगत अध्ययन बाट पनी यसलाई प्रष्ट पार्न सकिन्छ ।

**व्यक्तिगत अध्ययन नं . ३**

**रीता सार्की (नाम परिवर्तन)**

मेरो नाम रीता सार्की हो । म ३५ वर्षको भएँ । मेरो घर बझाङ हो । हामी ५ जना छोरीहरु मेरो बुवाआमाका सन्तान हौं । म चाही जेठो हुँ । म १० वर्षको हुँदा मेरो बुवाको भीरबाट लडेर मृत्यु भयो त्यसपछी मैले पढन पाईन । हाम्रो आर्थिक अवस्था निम्नस्तरको थियो । अर्काकोमा ज्याला गरी हाम्रो घरको छाक टर्थो । आमासँगै म पनी अर्काकोमा मजदुरी गर्न जान्थे । मेरो विवाह १५ वर्षको उमेरमा नजीकैको गाउँमा भयो । विवाह गरेर गएको घरको पनी आर्थिक अवस्था पनी निम्न स्तरकै थियो । मेरो श्रीमान् पनी ज्यालादारी काम गर्नुहुन्थ्यो । विवाहपछि पनी खासै सुख पाइएन । आर्थिक समस्याले गर्दा घरमा धेरै जसो कलह हुन्थ्यो अनी हामी कामको खोजीमा काठमाण्डौं आयौं । ज्यालादारी गर्दै गुजरा चल्दै थियो तर पछि श्रीमान् जुवा, तास, रक्सी जस्तो नराम्रो कुलतमा फस्दै जानुभयो । यस्तो काम वहाँले दिनहुँ जसो गर्न थाल्नुभयो यसका साथै वहाँले मेरो सहमति विना, मेरो ईच्छा विना जवरजस्ती शारीरिक सम्बन्ध राख्नुहुन्थ्यो । न मेरो थकाईको वहाँलाई वास्ता हुन्थ्यो न मेरो विरामीको ।  के गर्नु श्रीमान् हो मान्नै पर्यो ,सहनै पर्यो ।

## ५.८ हिंसाको सामना

हिंसालाई सामना गर्ने विभिन्न तरिका हुन्छन् । उत्तरदाता महिलाहरुले हिंसाको सामना कसरी गर्छन् भनी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९ हिंसाको सामना**

| सामनाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| चुपलागेर बस्छु | २५ | ६२.५ |
| सँगसँगै झगडा गर्छु | १५ | ३७.५ |
| जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार महिलाहरु आफूलाई हिंसा हुँदा हिंसाको सामना गर्ने तरिकामा चुपलागेर बस्ने महिलाहरु ६२.५%, र सँगसँगै झगडा गर्ने मा ३७.५% रहेका छन् ।

विभिन्न कारणले गर्दा महिलाहरु घरेलु हिंसा सहेर बस्न बाध्य छन् । हिंसा सहने विभिन्न तरिकाहरु छन् जसमा चुपलागेर बस्नेको संख्या धेरै रहेको छ । परिवारका साथै आफ्नो पनी ईज्जत जाने डरका कारण महिलाहरु घरेलु हिंसा जस्तो जघन्य अपराधलाई पनी सहेर बस्ने गरेका छन् । यसलाई अझ राम्रोसँग तलको अधययनले प्रष्ट पार्दछ ।

## व्याक्तिगत अध्ययन नं. ४

**मैया कुमारी (नाम परिवर्तन)**

मेरो घर अछाम हो । मेरो बुवा आमाले छोराको चाहनामा हामी ८ जना छोरीहरुपछि ९ औं सन्तानको रुपमा भाईलाइ जन्म दिनुभयो । हाम्रो गाउँमा छोरीलाई पढाउने चलन कमै थियो । जेठी छोरी भएकीले मैले पढ्नुको साटो धेरै दुःख गर्नु पर्यो । घरमा आमालाई सघाउने, भाईबैनीलाई हेर्ने सबै काम मेरो जिम्मामा नै थियो । बुवा कमाउन भनेर भारततिर जानुभएको थियो । आमा अरुको घरमा खेत बारीमा काम गर्न जानु हुन्थ्यो । मेरो मागि विवाह भएको हो । मेरो विवाह २० बर्षको उमेरमा गाउँकै व्यक्तिसँग भएको थियो। त्यतिबेला मेरो श्रीमान्को उमेर २७ वर्षको थियो। माईतीमा धेरै दुःख पाएकी थिएँ। श्रीमान्को घरमा पनी सुख पाउन सकिन । श्रीमान्को पनी खान पुग्ने जग्गा थिएन । ठूलो परिवार खान नै धौ धौ हुन्थ्यो त्यहाँमाथि श्रीमान्लाई रक्सी नखाई नहुने । जातले पाएको कुरा खाने हो भन्दै धरै नै रक्सी खान्थे र घरमा आएर झगडा गर्ने, मलाई कुट्ने गर्दथे । वर्षेनीका दुई छोरा भए त्यसपछी त झन धेरै समस्या हुन थालेपछि आजको ५ बर्ष अगाडी हामी काम खोज्ने र यतै बस्ने भनेर हामी काठमाण्डौ आयौं । श्रीमान्सँग कपडा सीलाउने सीप भएकोले गर्दा एउटा सर्ट सीलाउने कारखानामा उसले काम गर्न थाल्यो र म पनि त्यही कारखानामा टाँक लगाउने काम गर्दथे । अहिले खान, बस्न, र छोराहरु पढाउन पुगेको छ । तरपनी श्रीमान्ले जहिले रक्सी नखाई सक्दैनन् । केही भन्यो की कुट्न आइहाल्छन् जे भएपनी छोरीको जात हो सहनै पर्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

महिलामाथि हुने शारीरिक यातना मात्र नभई मानसिक, धार्मिक, सामाजिक रुपका यातनालाई पनि महिला विरुद्धको हिंसा मान्नु पर्ने हुन्छ । वास्तवमा महिलाहरु कस्ता प्रकारका हिंसाबाट पिडित हुने गरेका छन् । उनीहरुले भोगीरहेको हिंसाका कारणहरु उनीहरुको सामाजिक आर्थिक शैक्षिक पृष्ठभुमी कस्तो रहेको छ भन्ने तथ्यलाई यस अध्ययनमा समस्याको रुपमा लिइएको छ । महिलाहरुले भोग्ने हिंसा, त्यसको कारण, हिंसाका प्रकार र महिलाहरुले हिंसालाई कसरी सामना गर्दछन् भन्ने जस्ता कुराहरुलाई अध्ययनको उद्देश्यको रुपमा प्रस्तुत गरिएको छ । अध्ययन सँग सम्बन्धित विभिन्न पत्रपत्रिका प्रकाशित लेख, रचना, प्रतिवेदन, विद्धानहरुको भनाई, कानूनी प्रावधान आदिको बारे अध्ययनका क्रममा समिक्षा गरिएको छ ।

आफ्नो विभिन्न प्रकारका काम, छोराछोरीको पढाई लगायतका उद्धेश्यको लागी यस क्षेत्रमा बसोवास गर्दै आएका छन् । त्यसै सिलसिलामा त्यस क्षेत्रका महिला विरुद्ध हुने गरेका घरेलु हिंसा सँग सम्वन्धित रहि यो अध्ययन गरिएको छ । यस अध्यायमा खासगरी डेरा गरि बस्ने विवाहित महिलाहरुमा हुने घरेलु हिंसाका सम्बन्धमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

यस अध्ययनका लागि आवश्यक सूचनाहरु संकलन गर्न अन्तरवार्ताबाट प्राथमिक तथ्यांक संकलन गरिएको छ । जसमा अवलोकन, प्रश्न सुची/अन्तर्वार्ता, व्यक्तिगत अध्ययन र द्बितिय तथ्यांक अन्तर्गत सरकारी तथा गैर सरकारी संस्थाका प्रकाशित तथा अप्रकाशित तथ्यांकहरु प्रयोग गरिएको छ । यो अध्ययन गरिएको क्षेत्रमा जम्मा ४०० घर रहेको छ । तथ्यांक संकलन गर्दा सम्पुर्ण महिलालाई लिन असम्भव भएकोले नमुना छनौट विधि अन्तर्गत ४० जना महिलाहरुको मात्र तथ्यांक लिइएको छ । जसमा ४ जना महिलाहरुको व्यक्तिगत अध्ययन गरिएको छ । यस्ता तथ्यांकहरु अनुसन्धानको यस्ता तथ्यांकहरु अनुसन्धानको उद्धेश्य अनुरुप घरेलु हिंसाका प्रकार, कारण र त्यसको सामना बारे जानकारी प्राप्त गरिएको छ ।

अध्ययनमा परेका महिलाहरुको जातिगत विवरणलाई हेर्दा बाह्मणहरुको संख्या धेरै र त्यसपछि मधेसीको संख्या रहेको पाईयो । धर्मको रुपमा हिन्दु धर्म सबैभन्दा बढी र त्यसपछि बौद्ध धर्म रहेको छ । साक्षरताका रुपमा उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थामा उच्च माध्यमिक तहमा सबैभन्दा धेरै , त्यसपछि स्नातक तह र त्यसपछि निम्नमाध्यमिक तहमा संख्या रहेको छ । पेशागत रुपमा गृहिणीको संख्या धेरै रहेको छ । र परिवारको मुख्य आयश्रोतको रुपमा श्रीमान्को तथा आफ्नो जागिरको संख्या धेरै रहेको छ ।

घरेलु हिंसाका सन्दर्भमा मानसिक हिंसाको संख्या धेरै रहेको पाईयो । त्यसपछि शारीरिक हिंसा अनि यौनिक हिंसाको संख्या रहेको छ । मानसिक हिंसामा श्रीमान्बाट गालिगलौज हुनेको संख्या धरै छ । शारीरिक हिंसामा कुटने पिटनेको संख्या धेरै रहेको छ । त्यस्तै यौनिक हिंसामा वैवाहिक बलात्कारको संख्या धेरै रहेको छ । यसैगरी उत्तरदाता महिलाहरुले हिंसा हुँदा सामना गर्ने तरिकामा धेरै महिलाले चुप लागेर बस्ने बताएको छन् ।

## ६.२ निष्कर्ष

छनौटका अधिकांश महिलाहरु सामान्य शिक्षित नै रहेको पाइएता पनी भने रुढीवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकार प्रति अनभिज्ञ रहेको पाइयो । छनौटका अधिकांश महिलाहरुको स्पष्ट आयआर्जनको बाटो नभएका कारण आर्थिक रुपमा श्रीमान् तथा परिवार प्रति निर्भर रहँदै आएको तर हालको अवस्थामा आएर भने सिलाई, बुनाई , जस्ता सिपमुलक तालिममा संलग्न हुन थालेको पाईयो ।

यस अध्ययनको पहिलो उद्देश्य अनुशार त्यहाँका सामाजिक तथा आर्थिक अवस्था को विश्लेषण गर्नुका साथै महिला हिंसाका प्रकार, कारण, तथा सामनाको विश्लेषण गर्नु रहेको थियो । उत्तरदाता महिलाहरु आफ्नो आर्थिक अवस्था सुधार तथा छोराछोरीको भविष्यको लागि यहाँ डेरा गरि बसेको पाईयो । विवाहित महिलाहरुमा घरेलु हिंसामा पनि मानसिक हिंसाको मात्रा बढि पाइयो ।

त्यसैले यो अध्ययनबाट पत्ता लगाउन सकिएको तथ्यहरु निम्नानुसार रहेको छ ।

- आफनो परिवारको आर्थिक अवस्था सुदृढ गर्नको साथै छोराछोरीको राम्रो शिक्षा को लागि यहाँ (काठमाण्डौ) मा डेरा गरि बस्नेको संख्या उल्लेख्य रहेको पाईयो ।
- महिलाहरु  आर्थिक रुपमा धेरै जसो श्रीमान्को भर पर्ने पाईयो ।

- हिंसा परिवारका अन्य सदस्यबाट भन्दा पनी श्रीमानबाट नै बढी भएको पाईयो ।
- हिंसाका विभिन्न प्रकारहरु मध्ये मानसिक हिंसा नै बढि भएको पाईयो ।
- मानसिक हिंसामा पनी गालीगलौज हुने बढि पाईयो ।
- शारीरिक हिंसामा कुटपिट धेरै भएको पाईयो ।
- यौनिक हिंसामा वैवाहिक बलात्कार धेरै भएको पाईयो ।
- हिंसाका कारणमा आर्थिक र पारिवारिक समस्या नै प्रमुख कारण रहेको पाईयो ।
- हिंसा भएको बेलामा चुप लागेर बसेर नै हिंसाको सामना गर्ने महिलाहरु धेरै पाईयो ।

# सन्दर्भग्रन्थ सुची


अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) (२०१३), मानवअधिकारवर्ष पुस्तक, स्वीचाटार, काठमाण्डौ, अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) (२०१७), मानवअधिकार वर्ष पुस्तक, स्वीचाटार, काठमाण्डौ, अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक)

अर्याल भोजेन्द्र (२०६८), लैङ्गिक र महिलावादी अध्ययन, किर्तिपुर,काठमाण्डौ, ज्ञानकुञ्ज प्रकाशन ।

ओरेक (२०६६), महिला हिंसा सम्बन्धि विश्लेषणात्मक अध्ययन प्रतिवेदन,अन्वेषी, काठमाण्डौ, महिला पुर्नस्थापना केन्द्र (ओरेक)

ओझा विष्णु (२०७३), लैङ्गिक हिंसा अन्त्यको लागी मानव अधिकार र संविधानको कार्यान्वयन, काठमाण्डौ, अखिल नेपाल महिला संघ केन्द्रिय कार्यालय,

ओझा घनानाथ (२०६७), नेपालमा महिला, काठमाण्डौ, पैरवी प्रकाशन,

एमनेष्टि इन्टरनेशनल (सन् १९९९), यातना अन्त्यका लागी कदम बढाऔं, काठमाण्डौ, एमनेष्टि इन्टरनेशनल,

राष्ट्रिय महिलाआयोग (२०६६), घरेलु हिंसा (कसुर सजाय) ऐन २०६६, काठण्माडौ नेपाल, राष्ट्रिय महिलाआयोग,

दर्नाल अशोक(२०१६), दलितमाथि अन्याय : प्रशासनले किन न्याय दिदैन, काठमाण्डौ, जागरण मिडिया सेन्टर,

कानुन किताब ब्यवस्था समिति (२०७२), नेपालको संविधान, बबरमहल, काठमाण्डौ, कानुन  किताब ब्यवस्था समिति,

न्यू एरा (२०११), नेपाल डेमोग्राफी हेल्थ सर्भे (२०११), काठमाण्डौ, न्यू एरा

बस्नेत बविता (२०६७), लैङ्गिक आधारमा हुने हिंसाबारे पुस्तिका, काठमाण्डौ,नेपाल सञ्चारिका समूह,

राजभण्डारी रेणु (२०६९), महिला हिंसा सम्बन्धि विष्लेषणत्मक अध्ययन प्रतिवेदन,काठमाण्डौ, महिला पुर्नस्थापना केन्द्र (ओरेक) नेपाल,

राष्ट्रिय महिला आयोग (२०६८), आव २०६८/०६९ वार्षिक प्रतिवेदन, काठमाण्डौ, राष्ट्रिय महिला आयोग,

सुनार धनकुमारी (२०७१), महिलामाथि हुने हिंसाजन्य अपराध अन्त्य कहिले ? काठमाण्डौ, राष्ट्रिय महिला आयोग,

शर्मा अर्जुनदेव (२०६१), मनुस्मृति, नेपाली अनुवाद, काठमाण्डौ, प्रवेश प्रकाशन,

Bennett, L (1983) Dangerous Wives and Sacred Sister. New York : Columbia University Press

Brower E, Harris B,Tanaka S (1998), Gender analysis in papua New Guinea. Washington D.C, World bank publication.

C.B.S (2011) “Literacy Status of Female Population of Nepal”, Kathmandu, Central Bureau of Statistics.

Gwyn k (2001), women’s lives, USA, M C graw Hill Education, publication. worlds women (2015), Trends and Statistics, New York, United Nation.

## चेक लिष्ट

- वाल्यकालको अवस्था
- परिवारको पृष्ठभूमी
- वैवाहिक अवस्था
- विवाहपछि माईतिसँगको सम्वन्ध
- श्रीमान्सँगको सम्बन्ध
- श्रीमान्को परिवारसँगको सम्बन्ध

**विवाहित महिला विरुद्ध हुने घरेलु हिंसा सम्बन्धि एक अध्ययन : कोटेश्वर ३५ काठमाण्डौ , सहयोगीनगर ( २०६३ )**

**(प्रश्नावली सूची)**

१. उत्तरदाताको नाम थरः ............................................................

२. ठेगानाः काठमाडौ, वार्ड नं.....................टोल.....................

३. उमेर :......................वर्ष

४. जाति : १. ब्राम्हण/क्षेत्री २. मधेसी ३. जनजाती ४. अन्य

५. पेशाः १. गृहिणी २. जागिरे-सरकारी ३. प्राईभेट ४. ज्यालादारी ५. स्वरोजगार ६. अन्य

६. तपाईको मासिक आम्दानी कति हुन्छ ?

१. ५०००भन्दा कम　　　२. ५००० देखि १००००

३. १०००० देखि १५०००　　　४. १५००० भन्दा माथि

५. अन्य ......................

७. धर्म.

१. हिन्दु २. मुस्लिम ३. क्रिश्चीयन ४. वौद्ध ५. अन्य........

८. वैवाहिक स्थिति

१. हाल विवाहित २. पारपाचुके ३. छुट्टिएर बसेको ५. अन्य........

९. पुरा गरेको शिक्षा

१. प्राथमिक तह २. निम्नमाध्यमिक तह

३. माध्यमिक तह ४. उच्चमाध्यमिक तह ५.स्नातक ६. स्नातकोत्तर ७. अन्य.........

१०. तपाईको घर अनि माईति कुन जिल्लामा हो?

१. घर.......... २. माईती..........

११. तपाईको परिवारको मुख्य आयश्रोत के हो ?

१.कृषी २. श्रीमानको जागीर ३. श्रीमान् तथा आफ्नो जागिर

४. व्यापार ५. अन्य...................

१२. तपाईको कस्तो प्रकारको विवाह हो?

१. मागि विवाह २. प्रेम विवाह ३. बुवा आमाको सहमतिमा

४. आफैले मन पराएको तर आमा, वुवाको असहमतिमा ५. अन्य................

१३. तपाईको विवाह भएको कति वर्ष भयो?

.........................वर्ष

१४. विवाह हुदा तपाई र तपाईको श्रीमानको उमेर कति बर्षको थियो?

१. तपाईको................ २. तपाईको श्रीमानको......................

१५. तपाईका बच्चाबच्ची कति छन्?

१. छोरा......... २. छोरी...........

३. हाल पहिलो पटक गर्भवती ४. हाल बच्चा नभएको

१६. तपाई यहाँ डेरामा बस्न थाल्नु भएको कति भयो

१. ...........................बर्ष २. ......................महिना

१७. तपाईको परिवारमा कति जना सदस्य डेरामा सँगै बस्नुहुन्छ ?

...............................................................

१८. तपाईको श्रीमान मादक पदार्थ सेवन गर्नुहुन्छ ?

१. हुन्छ २. हुदैन ३. हप्तामा एक दुई पटक ४. अन्य...........

१९. तपाईको श्रीमानले तपाई माथि निम्न मध्ये कुनै किसिमका शारीरिक हिंसा गर्नु भएको छ?

१. कुटने - पिट्ने २. लछारपछार गर्ने

३. शारीरिक चोट पुरयाउने ४. थुनामा राख्ने ५. निम्न मध्ये कुनै पनि छैन

६. अन्य ............

२०. तपाईको श्रीमानले कुनै यौनजन्य हिंसा गर्नुभएको छ ?

१. वैवाहिक बलात्कार २. यौनजन्य दुर्व्यवहार

३. बेचबिखन ४. निम्न मध्ये कुनै पनि छैन

२१. तपाईको परिवारमा कहिल्यै झगडाको स्थिति उत्पन्न हुन्छ ?

१. हुन्छ २. हुदैन

२२. यदि हुन्छ भने के कति कारणले झगडाको स्थिति उत्पन्न हुन्छ ?

१. आर्थिक अवस्थाको विषयलाई लिएर

२. छोरा छोरीको विषयलाई लिएर

३. अन्य .............

२३. झगडा भयो भने यसबाट बढि पिडित को हुन्छ ?

.................................................................................

२४. के कारणले यस्ता घटनाहरु हुने गरेका छन् ?

१. आर्थिक अवस्थाको विषयलाई लिएर

२. परिवारको विभिन्न प्रकारको विषयलाई लिएर  ३. अन्य....

२५. तपाईको श्रीमानको परिवारका अन्य सदस्यहरुबाट कुटपिट वा गालिगलौज जस्ता घटनाहरु हुने गरेका छन् ?

१. छन्  २. छैन  ३. कहिलेकाँहि..................

२६. आफूमाथि हुने यस्ता घटनाहरु भएको अवस्थामा तपाई के गर्नुहुन्छ ?

१. चुप लागेर बस्छु  २. सँगसँगै झगडा गर्छु  ३. अन्य................................

२७. तपाई र तपाईको घरबेटिसँगको सम्बन्ध :-

१. भाडाको विषयमा बिवाद हुन्छ की हुदैन ?

- हुन्छ    - हुदैन

२.पानी लगायत विषयमा हुन्छ की हुदैन ?

-हुन्छ    - हुदैन

३. पाहुनाको विषयमा विवाद हुन्छ की हुदैन ?

- हुन्छ    - हुदैन

४. अन्य